सिभिल बैंक लिमिटिड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank

# ग्राहक पहिचान सम्बन्धि विवरण अद्यावधिक गर्ने बारेको सूचना

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/१४/०६९/७० मितिः २०६९/१०/२६ को पत्र अनुसार प्रत्येक ग्राहकले आफ्नो खाता रहेको वित्तिय संस्थाहरूमा नेपाल राष्ट्र बैंकद्धारा उल्लेखित थप विवरणहरू अद्यावधिक गर्नुपर्ने ब्यवस्था भए अनुसार यस बैंकले समेत आफ्ना सम्पूर्ण ग्राहकहरूको विवरण अद्यावधिक गर्ने कार्य गरिरहेको हुँदा आफुलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा सम्पर्क राखी यथासिध्र आफ्नो विवरणहरू अद्यावधिक गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै विवरणहरू अद्यावधिक गर्ने शिलशिलामा यस बैंकमा उपस्थित हुँदा निम्न विवरण तथा कागजातहरूका साथ उपस्थित हुन समेत अनुरोध गर्दछौ ।

१. ब्यक्तिगत खाताको हकमाः
- आफ्ना परिवारका सदस्यको नाम, थर, नागरिकता नंम्बर, जारी मिति, जारी गर्ने जिल्ला।
- डेरामा बस्ने ग्राहकको हकमा घर धनीको नाम, थर, तथा सम्पर्क फोन नम्बरहरू।
- पासपोर्ट लिएका ग्राहकको हकमा पासपोर्ट नंम्बर, जारी मिति, जारी गर्ने जिल्ला।
- स्थायी लेखा नम्बर लिएका ग्राहकको हकमा स्थायी लेखा नंम्बर।
- कुनै पेशा/व्यवसायमा संलग्न रहेका ग्राहकहरूले आफु कार्यरत रहेको संस्थाको नाम, ठेगाना, पद तथा अनुमानित बार्षिक आम्दानी तथा परिचय पत्रको छविचित्र ।
- गैह्र आवासिय नेपालीको हकमा गैह्र आवासिय नेपाली परिचय पत्रको छविचित्र, पासपोर्टको प्रमाणित छविचित्र, आयस्रोत खुल्ने कागजातहरू तथा नेपालको पूरा ठेगाना।
- हाल बसोबास गरिरहेको ठेगाना पुस्टि हुने कुनै एक कागजात - जस्तैः लालपूर्जाको छविचित्र, बिजुली /पानीको बिल।

२. संस्थागत खाताको हकमाः
- दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना ।
- कार्य क्षेत्र तथा कारोबारको किसिम ।
- शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरू रहेको स्थान ।
- वार्षिक अनुमानित कारोवार रकम ।
- संचालक, प्रोप्राईटर, साझेदार, कार्यकारी प्रमुख र खाता संचालकहरूको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम,
- स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)।
- लेखापरीक्षण हुने संस्थाको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण।

यस प्रयोजनको लागि आवश्यक ग्राहक पहिचान विवरणको फारम यस बैंकको Website: www.civilbank.com.np बाट समेत लिन सकिने व्यहोरा जानकारी गराउँदछौ।

**बिस्तृत जानकारीको लागि**

**सिभिल बैंक लिमिटेड**
क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं-३१,
पोष्ट बक्सः ९७९९
फोनः ४१६९०३०, ४१६९०४०, फ्याक्सः ४१६९०३८